स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



स्वदेशमा सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्णबहादुरको सारङ्गी' नेपालीको प्रमुख श्रम बजार मलेसियाको बक्स अफिसमा रिलिज भएको छ । पहिलोपटक कुनै नेपाली फिल्म त्यहाँको बक्स अफिस प्रणालीमा प्रदर्शनमा आएको हो । यसै सातादेखि थाइल्याण्ड, पाकिस्तान र म्यानमारको बक्स अफिसमा समेत फिल्म रिलिज हुँदैछ । नोभेम्बर २४ देखि यो फिल्म डेनमार्क र बेल्जियमको बक्स अफिसमा रिलिज भएको छ । सिंगापुरमा आज शनिबारदेखि प्रदर्शन तयारी छ ।

**आजको विचार...**



दश दिक्पाल... (दुई पेजमा)

भरतमणि ज्ञवाली



नेपालमा सफलताका साथ दोश्रो सातामा प्रदर्शन भैरहेको फिल्म 'ह्रस्व दीर्घ'विदेश यात्रामा निस्केको छ। नीता फिल्मस्को प्रस्तुतिमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता धनन्जय गलानी हुन्। फिल्ममा हरिहर अधिकारी, नीता ढुंगाना, ब्रह्मानन्दम, अली, कवीर दुहान सिंह, प्रदीप रावत, सुनिल वर्मा र प्रशान्त ताम्राकार, सञ्चीता लुईटेल, विपना थापा, सरोज खनाल, नरेन खड्का, गारिमा शर्मा, रवीन्द्र झा, आर्दश मिश्र, बुद्धि तामाङ र किरण केसीलगायतका कलाकारको अभिनय रहेको छ।

❐ वर्ष ३० ❐ अंक १२७ ❐ २०८१ मंसिर १५ गते शनिबार 30 November 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# गम्भीर रोगका बिरामीले पाए पुनर्जीवन

***क्यान्सरका रोगी, मिर्गौला प्रत्यारोपण गर्नुपर्ने बिरामी, मुटुसम्बन्धी नसर्ने गम्भीर प्रकृतिका रोगको उपचार आफैँमा निक्कै खर्चिलो हुन्छ । तर सरकारले गरेको आर्थिक सहुलियत नै बिरामीका लागि पुनर्जीवनको आधार बनेको छ ।***

**भरत केसी/रासस**

**लुम्बिनी,** मंसिर १४/बर्दिया जिल्ला गेरुवा गाउँपालिका-६ मनाउका महावीर थारुको डेढ वर्षअघि मुखमा घाउ निस्कियो । बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा स्वास्थ्य परीक्षण गराउँदा चिकित्सकले मुखको क्यान्सरको आशङ्का गरेर चितवनस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा जान सल्लाह दिए ।

गाउँमा अरुकै खेत अधिया गरेर गुजारा गर्दै आएको महावीरको परिवारमा क्यान्सर जस्तो कडारोगको सुविधा सम्पन्न अस्पतालमा उपचार गर्न आर्थिक अभाव त थियो नै, थप उपचारका लागि बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा कसरी पुग्ने भन्ने समेत उनलाई थाहा थिएन । बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पहिलोपटक छिमेकीको साथमा पुगेका महावीरको स्वास्थ्य परीक्षण गराउँदा चिकित्सको सिफारिसअनुसार मुखको शल्यक्रिया भयो । त्यसपछि पनि रोगको अवस्था पहिचान गर्न प्रयोगशाला रिपोर्ट आउन झण्डै तीन महिना लाग्यो । त्यस अवधिमा बर्दियाबाट चितवन आवतजावत गर्दा नै झण्डै दुई लाख ऋण लागेको महावीर बताउन्छन् । तत्कालीन गाउँ विकास समितिको सिफारिसमा संघीय सरकारले यस्ता कडारोग लागेका विपन्न नागरिकका लागि एक लाखसम्मको उपचार सम्बन्धित अस्पतालबाट पाउने व्यवस्था गरेकाले सोही सेवाबाट क्यान्सर



अस्पतालमा उपचार भयो । यति मात्र होइन, लुम्बिनी प्रदेश सरकारले पनि यस्ता खालका कडारोग लागेका विपन्न नागरिकका लागि अस्पतालमै भुक्तानी गरेर नागरिकको उपचारमा सहुलियतको व्यवस्था गरेको छ । संघीय सरकारले उपलब्ध गराउने एक लाख र प्रदेश सरकारले उपलब्ध गराएको दुई लाखले महावीरलाई उपचारमा ठूलो राहत मिलेको छ । तर बर्दियाबाट पटक-पटक ओहोरदोहर गर्नुपर्ने, होटलको बसाइ र कतिपय महङ्गा औषधि समेत आफैँ पैसा तिरेर किन्नुपर्ने अवस्थाले भने उनी समस्यामा परेका छन् । 'घरको आर्थिक अवस्था कमजोर छ, अरुको जमिन कमाएर घरखर्चको जोहो गर्नुपर्छ', उनले भने, 'हामी जस्तो सामान्य आर्थिक अवस्था भएका व्यक्तिलाई यति ठूलो रोग लाग्दा त निकै गाह्रो हुँदोरहेछ, अहिलेसम्म झण्डै तीन लाख ऋण लाग्यो, तिर्ने कसरी हो, कुनै उपाय छैन् ।' बुटवल उपमहानगरपालिका-१३ का करिब ५५ वर्षीय कपिल गौतमको केही वर्षअघि मिर्गौलामा समस्या देखियो । मिर्गौलामा स्वास्थ्य समस्या देखिएपछि चिकित्सकसँगको सल्लाहअनुसार नियमिति औषधि सेवन गर्दै आएका थिए । तर दुई वर्षअघि मिर्गौलाले काम गर्न छाड्यो । मिर्गौला फेल भएका गौतमले झण्डै डेढ वर्ष लुम्बिनी प्रादेशिक अस्पतालमा साताको दुई पटक नियमित डाइलाइसिस गराइरहेका थिए तर यसको दीर्घकालीन समाधान भनेकै मिर्गौला प्रत्यारोपण नै थियो । कानुनअनुसार मिर्गौला दान गर्ने व्यक्ति नपाएपछि उनी भारतमा गएर प्रत्यारोपण गराउने सोचमा रहेकै बेला राजधानीको भक्तपुरस्थित मिर्गौला प्रत्यारोपण केन्द्रमा स्वास्थ्य परीक्षण गराउँदा उनकै पत्नीले मिर्गौला दान गर्न मिल्ने निश्चित भयो । एक वर्षअघि मिर्गौला प्रत्यारोपण गराएका गौतम अहिले स्वास्थ्य छन् । मिर्गौला प्रत्यारोपण गर्न शुरुमा भारत जान तयार भएका गौतम मिर्गौला प्रत्यारोपण केन्द्रमा पुगेर चिकित्सकहरुसँग परामर्श लिंदा पत्नीले मिर्गौला दिन मिल्ने बताएपछि ठूलो राहत मिलेको बताउन्छन् । नेपालमा मिर्गौला प्रत्यारोपणका लागि कानुनअनुसार दान गर्न मिल्ने अवस्था रहेमा सरकारले विपन्न नागरिक औषधि उपचारवापत आर्थिक सहायता उपलब्ध गराउने व्यवस्थाअनुसार मिर्गौला प्रत्यारोपणमा लाग्ने खर्च सम्बन्धित अस्पताललाई नै उपलब्ध गराउने व्यवस्था रहेको छ । त्यसबापत सरकारले अस्पताललाई चार लाख ५० हजार उपलब्ध गराउँदै आएको छ । यसका साथै मिर्गौला प्रत्यारोपण गरेका बिरामीलाई लुम्बिनी प्रदेश सरकारले थप नगद दुई लाख नगद उपलब्ध गराउने व्यवस्था गरेको छ । यसबापत गौतमले प्रदेश सरकारबाट दुई लाख पाएका छन् ।क्यान्सरका रोगी, मिर्गौला प्रत्यारोपण गर्नुपर्ने बिरामी, मुटुसम्बन्धी नसर्ने गम्भीर प्रकृतिका रोगको उपचार आफैँमा निक्कै खर्चिलो हुन्छ । उपचारका लागि सुविधासम्पन्न महँगा अस्पतालमा जानुपर्ने बाध्यताले कमजोर आर्थिक अवस्था भएका बिरामीले आर्थिक जोहो गर्न सक्ने अवस्था हुँदैन । तर सरकारले गरेको आर्थिक सहुलियत नै बिरामीका लागि पुनर्जीवनको आधार बनेको छ । कडा रोग लागेका नागरिकमध्ये मिर्गौलाका बिरामीलाई मिर्गौला प्रत्यारोपण गर्नुपर्ने अवस्थामा संघीय सरकारले तोकिएका अस्पतालमा चार लाख ५० हजार उपलब्ध गराउँदै आएको छ । यस्तै लुम्बिनी प्रदेशका बिरामीका लागि प्रदेश सरकारले थप दुई लाख नगद उपलब्ध गराउँदै आएको छ । यसबाहेक क्यान्सर, मुटुसम्बन्धी कडारोगको उपचारका लागि प्रदेश सरकारले तोकिएका अस्पतालमा दुई लाखसम्मको उपचार खर्चको व्यवस्था गराउँदै आएको छ । बिपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा २ को (ख) मा 'कडारोग' भन्नाले मुटुरोग, मिर्गौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी तथा सिकलसेल एनिमिया रोगलाई सम्झनुपर्छ भनी परिभाषा गरिएको छ ।

...बाँकी अन्तिम पेजमा

## संक्षिप्त समाचार

### दुर्घटनामा वडा अध्यक्षसहित पाँच जनाको मृत्यु




**मन्थली (रामेछाप),** मंसिर १४/ रामेछापमा जिप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा दुई पुरुष, दुई महिला र एक बालिका रहेका छन् ।

काठमाडौँबाट बेतालीतर्फ आउँदै गरको ना १ज ७१२३ नम्बरको जिप शुक्रबार दिउँसो गोकुलगङ्गा गाउँपालिका-६ फर्पुमा दुर्घटना हुँदा गोकुलगङ्गा-४ बेतालीका वडाध्यक्ष ४५ वर्षीय रामचन्द्र बस्नेतसहित पाँच जनाको मृत्यु भएको प्रहरी नायव उपरीक्षक प्रदीपकुमार सिंहले जानकारी दिए । दुर्घटनामा जिप चालक मन्थली नगरपालिका-१० का ३५ वर्षीय चालक हिराबहादुर कार्की, गोकुलगङ्गा-५ की ३० वर्षीया कविता कार्की र उनकी सात वर्षीया छोरी स्वस्तिका खड्काको समेत मृत्यु भएको छ । मृतक अन्य एक जनाको सनाखत हुन नसकेको प्रहरीले जनाएको छ । दुर्घटनामा घाइते तीनैजनालाई उपचारका लागि काठमाडौँ पठाइएको प्रहरीले जनाएको छ । दुर्घटनामा कास्कीको लेखनाथ नगरपालिका घर भएका ४२ वर्षीय केशव शर्मा र रामेछापको गोकुलगङ्गा-४ बेतालीकी २७ वर्षीया सरस्वती कार्की घाइते भएका छन् । अन्य एक घाइतेको नाम थर खुल्न नसकेको प्रहरीले जनाएको छ । **-रासस**

## तिनाउमा एक पुरुष मृत फेला



**पाल्पा,** मंसिर १४/जिल्लाको तिनाउ गाउँपालिका -६ मस्यामस्थित ढाकिपार भिरमा एक जना पुरुष मृत फेला परेका छन् । हाल नामथर वतन नखुलेको अन्दाजी ३०/३५ वर्षको जस्तो देखिने पुरुष व्यक्ति शुक्रबार मृत अवस्थामा फेला परेका हुन् । स्थानीयले ति पुरुषलाई मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । खबर लगत्तै प्रहरी चौकी दोभानबाट प्रहरी हवल्दार र जिल्ला प्रहरी कार्यालय पाल्पाबाट प्रहरी निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले प्रारम्भिक अनुसन्धानपछि शव पोष्टमार्टमको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा पठाएको छ । शव सडेगलेको अवस्थामा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## आज बाला चतुर्दशी, शिवालयहरुमा शतबीज छर्रिंदै

**पाल्पा,** मंसिर १४/आज बाला चतुर्दशी पर्व । दिवंगत परिवारका सदस्यहरूको सद्गतिको कामना गर्दै आज बिहान सदबीज छर्रिंदै छ । बाला चतुर्दशीका दिन देशभरका शिवालयमा दिवंगत पितृको सम्झनामा सतबीज छर्ने गरिन्छ । सदबीजमा धान, गहुँ, जौ, हलेदो, सक्खर खण्डलगायत चीजबिज छर्ने परम्परा छ ।

पितृको नाममा रातभर बत्ती बालेर जाग्राम बस्नुका साथै बिहान स्नान गरेर सदबीज छरेपछि पितृको उद्धार हुने र आफूलाई पनि फल प्राप्त हुन्छ भन्ने धार्मिक विश्वास रही आएको छ । हिन्दु संस्कृति अनुसार कुनैपनि दूर्घटना या अकाल मृत्यु भएका मानिसहरु पूर्णरुपमा स्वर्ग या नर्कमा तर्न सक्दैनन् । जीवन जिउने क्रममा उनीहरुले पूरा गर्न नसकेका विभिन्न कर्म पूरा नभएसम्म मृतात्मा बैतर्नी तर्दैनन् भन्ने मान्यता छ । यसरी अकालमा मृत्यु भएका र राम्रोसँग मृत्युकर्म गर्न नसकिएका पितृहरुको लागि



सम्पन्न गर्नुपर्ने नियम पुरा गर्न नसकेमा मंसिर कृष्ण त्रयोदशीका दिन जाग्राम बसेर मृतात्माको नाममा दीप प्रज्वलन गर्नाले पितृदोषबाट मुक्ति मिल्ने विश्वास छ । यसरी शतबीज छर्नको लागि पिता/माता, पितामह(हजुरबुबा) या मातामह(हजुरआमा), सातपुस्ता भित्रका १३ दिने जोकोहीको पनि जुठो बार्ने या बराखी लाग्नेहरुको नाममा छर्ने गरिन्छ । तर, पछिल्लो समय पिता माताको नाममा मात्रै शतबीज छर्ने गरिन्छ ।

**के-के छरिन्छ शतबीजमा ?**

शतबीज छर्ने क्रममा विभिन्न किसिमका ७ अन्नहरुको प्रयोग गरिन्छ । यसलाई सप्ताधानयुक्त शतबीज पनि भनिन्छ । यसमा धान, गहुँ, मास, मुंगी, कागुन र सामाको बिउ आदि पर्छ । यी अन्नहरु ठाउँ अनुसार फरक पनि हुने गर्छ । जस्तो कुनै -कुनै ठाउँमा चना, तील, मकैका साथै कागती, निबुवा, बिमिरो, सुन्तला, स्याउ, उखु, अम्बा, केराको समेत प्रयोग गर्ने गरिन्छ । यो पर्व शक्तिपीठ पुग्न नसकेकाहरुले घरमै बसेर पनि मनाउने गर्छन् । यसरी विधिपूर्वक पूजा गरी रातभरी जागा बसेर पूजा गरेको सो दीपलाई दूना या टपरीमा राखेर माथिबाट ज्वाला निस्कने ठाँउ दिएर अर्को दुना, टपरी या बोहोताले छोपेर खोलामा बगाउने चलन छ । यसरी अविरल पानीको धारसँगै बत्ति बगेको खण्डमा पितृले बैतर्नी तरेको र बत्ति सहजरुपमा नबगेको खण्डमा पितृले बैतर्नी तर्न नसकेको बुझ्ने गरिन्छ । शतबीज छर्ने दिन काठमाडौंको पशुपतिनाथ र यसको आसपासका किँरातेश्वर महादेव, गौरीघाट, गुहेश्वरी, आर्यघाटको तट, श्लेषमान्तक वन लगायत पूर्वी नेपालको चतरा, बराहक्षेत्र, पर्वत जिल्लाको सेतीवेणी धाम, गुल्मी शान्तिपुरको चक्रेश्वर मन्दिर, नवलपरासीको देवघाटधाम, धनुषाको क्षिरेश्वर लगायत देशभरीका शिवालय एवं त्रिवेणी धामहरुमा विशेष घुइँचो लाग्ने गर्छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सेवा प्रवाह सुधार गर

नेपालमा सार्वजनिक सेवा प्रवाह अझै पनि सहज बन्न सकिरहेको छैन् । सार्वजनिक सेवा सरकार र जनताबिचको सम्बन्ध सेतु मात्र नभई सरकारको प्रभावकारिता र क्षमता पहिचान गर्ने माध्यम पनि हो । यस्ता सेवा आमनागरिकको घर–दैलोसम्म पुऱ्याउने कार्य, प्रक्रिया र पद्धति नै सार्वजनिक सेवा प्रवाह हो । सेवा प्रवाह आमजनताको आवश्यकता र चाहनामा आधारित हुनुपर्छ । नागरिकलाई प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने दायित्व सरकारको हो । सेवा प्रवाहको केन्द्र बिन्दुमा जनता रहनुपर्छ । प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रुपान्तरण गरी सेवा प्रवाहलाई छिटो, गुणस्तरीय, पहुँचयोग्य, जनसहभागितामूलक तथा निष्पक्ष बनाई जनसन्तुष्टि प्राप्त भएमा मात्र सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता भएको मानिन्छ । तर नेपालको हकमा भने यसो हुन सकिरहेको छैन ।

केही दिन यता राहदानी आवेदन प्रणालीमा भाइरस पस्यो भनिएको छ । तर राहदानी सेवामा सधैं भाइरस रहेको नेपाली जनताको भोगाइ छ । युवालाई न देशमा रोजगारी न विदेश जाने राहदानी भएको छ । राज्यका सेवा र सुविधामा भएका यस्तै झन्झटले नै देशमा वितृष्णा र नकारात्मक भावना अनि निराशा बढाएको हो । राहदानी वितरण पनि सजिलै उपलब्ध गराउनु राज्यको दायित्व हो । यो दायित्वबाट राज्य पन्छिन मिल्दैन । दैनिक तीन हजार राहदानीको मागलाई पनि थेग्न नसक्ने र त्यो पनि भाइरस लागेर सेवा अवरुद्ध हुनु विडम्बना हो । राहदानी जस्तो संवेदनशील प्रणाली किन अवरुद्ध भइरहन्छ ? हाम्रो राहदानी वितरण प्रणालीकै अवरुद्ध गराइरहने भाइरसको खोजी हुनुपर्छ । त्यसपछि मात्रै राहदानीमा भइरहने झन्झटको अन्त्य हुन्छ । यो एउटा प्रतिनिधि मूलक सेवा प्रवाह मात्र हो । यहाँ यस्तै धेरै सार्वजनिक सेवाहरु झन्झटीलो हुने गरेका छन् । सरकारी सेवा र सुविधा सहज पुऱ्याउने मूल दायित्व प्रशासनिक संयन्त्र हो । तर त्यसो हुन सकिरहेको छैन । सार्वजनिक सेवा प्राप्त गर्नु नागरिकको हक हो भन्ने मान्यतालाई शिरोधार्य गरी पुराना सेवा प्रवाहको शैलीमा सुधार गर्दै नागरिक केन्द्रित सेवा प्रवाह गर्न सरकार र प्रशासन सयन्त्र कृतसंकल्प हुन जरुरी छ ।

### Opinion @ Social Network

हावा समात्ने हातहरु,
शून्यतामा मुट्ठी कस्छन् ।
*(गंगा खत्रीको फेसबुक स्टाटस https://www.facebook.com/ganga.khatri.5)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दश दिक्पाल र पूर्वका देवता इन्द्र



भरतमणि ज्ञवाली



दश दिक्पालको अवधारणा हिन्दु धर्म र संस्कृतिमा एक महत्वपूर्ण धार्मिक र सांस्कृतिक प्रतीकका रूपमा स्थापित छ । दिक्पाल शब्दको अर्थ 'दिशाको रक्षक' अथवा पालक हो । हिन्दु धर्मका दश प्रमुख दिशाहरूको रक्षकका रूपमा विभिन्न देवी-देवतालाई जिम्मा लगाइएको छ । दिक्पालहरूले ब्रह्माण्डका विभिन्न दिशालाई सुरक्षा र रक्षा प्रदान गर्छन् भन्ने विश्वास गरिन्छ । धर्मग्रन्थ अनुसार दिक्पालहरूले प्राकृतिक विपत्तिहरूदेखि सुरक्षा प्रदान गर्छन् । हिन्दु धर्मको अनुष्ठान र पूजा प्रक्रियामा पनि दश दिक्पाललाई विशेष स्थान दिने गरेको पाइन्छ । घर, मन्दिर र कुनै पवित्र स्थानमा पूजा गर्दा दिक्पालको आशीर्वाद अनिवार्य मानिन्छ । प्रत्येक दिशा अलग-अलग गुण र तत्त्वहरूको प्रतीक हो, जसले जीवनका विभिन्न पाटामा सन्तुलन गर्ने कायम गर्छ । हिन्दु धर्मअनुसार प्रत्येक दिशामा अलग-अलग देवता स्थापित गरिएको पाइन्छ । दशै दिशाका देवतालाई दश दिक्पाल भनिएको छ ।

दिशाले मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्छ । मानिस घरबाट कुनै कार्यका लागि निस्कँदा कुनै न कुनै दिशातर्फ जान्छ । विनादिशा यात्रा या गन्तव्य नहुने भएकाले दिशाको शुभाशुभ मानिसका लागि अति महत्त्वपूर्ण हुन्छ । दिशाका देवता अनुसार प्रभाव पर्ने हुनाले सोही अनुसार असर हुन्छ । तसर्थ सही दिशामा यात्रा गर्दा शुभ र गलत दिशामा यात्रा गर्दा अशुभ फल प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता छ ।

शास्त्रानुसार दिशाको संख्या जम्मा दशवटा मानिएको छ– पूर्व, आग्नेय (पूर्व र दक्षिणको कोण), दक्षिण, नैर्ऋत्य (दक्षिण र पश्चिमको कोण), पश्चिम, वायव्य (उत्तर र पश्चिमको कोण), उत्तर, ईशान (पूर्व र उत्तरको कोण), आकाश र पाताल । यी दशवटै दिशाका अलग-अलग देवता छन्, जसलाई दश दिक्पाल भनिन्छ । देवराज इन्द्रलाई पूर्वदिशाका दिक्पाल मानिएको छ । अग्नि देवतालाई आग्नेय दिशाका दिक्पाल मानिन्छ । दक्षिण दिशाका दिक्पाल यम देवता हुन् भने नैऋत्य दिशाका दिक्पाल देवता निऋति हुन् । पश्चिम दिशाका दिक्पाल वरुण देवता तथा वायव्य दिशाका दिक्पाल वायु देवता हुन् । उत्तर दिशाका दिक्पाल कुबेर देवता हुन् ।

ईशान दिशाका दिक्पाल देवता साक्षात् ईश्वर शिव देवता मानिएको छ । उर्ध (आकाश) दिशाका दिक्पाल देवता ब्रह्मालाई मानिएको छ । अध (पाताल) दिशाका दिक्पाल देवता अनन्त अर्थात् भगवान विष्णुलाई मानिएको छ । इन्द्र आफैँमा परिचित नाम हो, परिचित शब्द हो । हिन्दु धर्ममा देवता इन्द्रलाई विशेष महत्त्वका साथ हेरिन्छ । स्वर्गको राजा हुन् र देवताका रक्षक हुन् । विजेताका पर्याय हुन् इन्द्र । यिनलाई केवल युद्धका देवता मात्र नमानेर अविजित, शक्तिशाली र अपराजित या विजयका देवताका रूपमा हेर्दा थप न्याय हुन्छ । स्वर्गको रक्षार्थ निरन्तर दानवीय प्रवृत्तिको विपक्षमा रहने इन्द्रलाई दश दिक्पालमध्ये पूर्वका दिक्पाल मानिएको छ । हिन्दु पुराणका अनुसार देवताहरूले गरेको यज्ञका माध्यमबाट इन्द्रलाई जन्म दिएका थिए । इन्द्रको जन्मपश्चात् स्वर्गमा एक नयाँ युगको सुरुवात भई धर्मको रक्षा गर्न तथा असुरलाई पराजित गर्न महत्त्वपूर्ण घटनाहरूले निरन्तरता पाएको शास्त्रहरूमा उल्लेख छ ।

*दिशाले मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्छ । मानिस घरबाट कुनै कार्यका लागि निस्कँदा कुनै न कुनै दिशातर्फ जान्छ । विनादिशा यात्रा या गन्तव्य नहुने भएकाले दिशाको शुभाशुभ मानिसका लागि अति महत्त्वपूर्ण हुन्छ । दिशाका देवता अनुसार प्रभाव पर्ने हुनाले सोही अनुसार असर हुन्छ । तसर्थ सही दिशामा यात्रा गर्दा शुभ र गलत दिशामा यात्रा गर्दा अशुभ फल प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता छ । शास्त्रानुसार दिशाको संख्या जम्मा दशवटा मानिएको छ– पूर्व, आग्नेय (पूर्व र दक्षिणको कोण), दक्षिण, नैर्ऋत्य (दक्षिण र पश्चिमको कोण), पश्चिम, वायव्य (उत्तर र पश्चिमको कोण), उत्तर, ईशान (पूर्व र उत्तरको कोण), आकाश र पाताल । यी दशवटै दिशाका अलग-अलग देवता छन्, जसलाई दश दिक्पाल भनिन्छ । देवराज इन्द्रलाई पूर्वदिशाका दिक्पाल मानिएको छ । अग्नि देवतालाई आग्नेय दिशाका दिक्पाल मानिन्छ ।*

इन्द्र विजयका देवता भएकाले कुनै पनि समस्यामा राक्षसहरूसँग लडेर स्वर्ग र देवताको रक्षा गरेको भन्ने कथा पढ्न पाइन्छ । इन्द्र वज्र समान बलवान भएको र यिनको प्रमुख अस्त्र पनि वज्र रहेको छ । इन्द्रलाई जल र वर्षाका देवताका रूपमा चिनिन्छ । किसानका लागि उनी महत्त्वपूर्ण देवता हुन् । किसानको उत्पादन र उत्पादकत्वमा इन्द्रको विशेष कृपा चाहिन्छ । जल, वर्षा, उत्पादनसँगै यिनलाई सुरक्षाको जिम्मेवारी पनि छ । राक्षसहरूसँग लडेर स्वर्ग, देवता र समग्र सृष्टिलाई बचाएकै कारण उनलाई देवताका राजाका रूपमा स्वीकार्य छन् । सामान्यतया इन्द्रलाई वर्षा र युद्धका देवता मानिए पनि उनले समग्र धर्ती र आकाशमा आफ्नो वर्चस्व राख्ने भएकाले देवता, मानव र प्रकृतिको रक्षकका रूपमा स्विकार्दा थप न्याय हुन्छ । वास्तुशास्त्रमा इन्द्रलाई पूर्व दिशाका दिक्पालका रूपमा स्थापित गरिएको छ । पूर्व दिशाको समग्र सत्ता इन्द्रको हातमा छ । उनी सम्पूर्ण देवताहरू र दैत्यहरूका बिचमा सन्तुलन र नियन्त्रण कायम राख्न सक्षम छन् । सृष्टिको निरन्तरताका लागि वर्षा र वायुको सन्तुलन आवश्यक हुन्छ । त्यसैले इन्द्रलाई जलवायुसँग सम्बन्धित देवताका रूपमा पनि लिन सकिन्छ । हिन्दु परम्परा अनुसार वर्षा नभएमा या लामो समय खडेरी परेमा इन्द्रको पूजा गर्ने चलन छ । इन्द्र सत्य र धर्मको रक्षाका लागि महत्त्वपूर्ण भूमिकामा देखिन्छन् । इन्द्रको वज्रलाई शारीरिक शक्ति र इच्छाशक्तिको प्रतिकका रूपमा लिइन्छ । इन्द्र प्रेम र यौन जीवनमा पनि चर्चा गर्ने गरिन्छ । स्वर्गका अप्सरा इन्द्रका राज्यमा बस्छन् । सकारात्मक हिसाबले सोच्दा जीवनका विभिन्न पाटोमा सम्पूर्णता र विविधता ल्याउने देवताका रूपमा इन्द्रलाई लिन सकिन्छ । वास्तुमा पूर्व दिशालाई सकारात्मक ऊर्जाको दिशा मानिन्छ । यस क्षेत्रबाट आउने सकारात्मक प्रभावले समग्र जीवनमा सकारात्मकता आउँछ भन्ने मान्यता छ । त्यसैले पूर्व दिशामा सशक्त इन्द्रको सकारात्मक प्रभाव छ भने निवास वास्तुशास्त्रीय हिसाबमा उत्तम मानिन्छ । धर्मशास्त्रहरूका अनुसार प्रत्येक दिशाका रक्षकका रूपमा दिक्पालहरूको व्यवस्था गरिएको छ । ब्रह्माण्डको सुरक्षाका लागि दशै दिशामा तत् दिशासँग सम्बन्धित तत्त्वहरूको नियन्त्रण र व्यवस्थापनका लागि दिक्पालहरू स्थापित छन्, जसमध्ये इन्द्रलाई पूर्वको रक्षकका रूपमा पूर्वका दिक्पाल मानिएको छ । विभिन्न यज्ञ र धार्मिक अनुष्ठानमा पूर्व दिशामा दिक्पाल र रक्षकका रूपमा स्थापित गरी इन्द्रको पूजा गर्ने चलन छ । ग्रन्थहरूले इन्द्रलाई धर्म, नीतिशास्त्र र नैतिकता पर्यायका रूपमा स्थापित गरेको छ । पूर्व दिशाको रक्षक इन्द्रको महत्व धार्मिक तथा पौराणिक रूपमा मात्र नभई वास्तुशास्त्रमा पनि महत्वपूर्ण स्थान छ ।

वास्तुशास्त्रमा पूर्व दिशालाई विशेष महत्व दिइन्छ । बिहानको सूर्योदयसँगै जीवनदायिनी सकारात्मक ऊर्जा पूर्वबाट प्राप्त हुन्छ । सूर्यको किरणमा समग्र स्थानको वातावरणलाई शुद्ध र सकारात्मक बनाउने उर्जा हुन्छ । वास्तुशास्त्र अनुसार घरको पूर्वमा खुला स्थान, झ्याल वा प्रवेशद्वार हुनु सकारात्मक ऊर्जाको कारक हो । घरको पूर्व दिशाको सकारात्मक ऊर्जाले इन्द्रको कृपा प्राप्त हुन्छ र घरमा सुख, शान्ति र समृद्धि आउँछ भन्ने वास्तुशास्त्रीय मान्यता छ । इन्द्रको कृपा प्राप्त गर्नका पूर्व दिशामा विशेष पूजा र यज्ञ गरिन्छ । पूर्वमा इन्द्रको चित्र वा मूर्ति राख्नु अत्यधिक लाभदायी मानिन्छ । वास्तु अनुसार इन्द्रको सकारात्मक प्रभावले सम्मान, सुख, समृद्धि र सकारात्मकता ल्याउँछ । इन्द्रको मन्त्र 'ॐ लं इन्द्राय नम:' हो भने इन्द्रको अस्त्र वज्र हो ।

**-रातोपाटी डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यवसायलाई विस्तार गर्न सकिनेछ। सन्तान पक्षबाट शुभ सुचना मिल्नेछ। | **तुला** : विशिष्ट व्यक्तिबाट पुरस्कार तथा हौसला प्राप्त हुनेछ । |
| **वृष** : विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । | **वृश्चिक** :मिष्ठान्न भोजन प्राप्ति होला । साथीको भेटघाटले मन प्रफुल्ल रहला । |
| **मिथुन** : ज्ञान सिक्ने मौका मिल्नेछ । कार्यसिद्धि हुने अवसर मिल्नेछ । | **धनु** :उत्साहमा वृद्धि हुनेछ।वाहन चलाउँदा सावधान रहनुपर्ने हुन्छ। |
| **कर्कट** : नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन जानेछ । | **मकर** : नोकरी वा पेशामा हजुरको कुराको महत्व बढ्नेछ |
| **सिंह** : काममा लाभदायक यात्रा रहनेछ । नयाँ कार्य थालनी होला । | **कुम्भ** : आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।मनोरञ्जनमा सहभागी भईएला । |
| **कन्या** : विद्या र बुद्धिको विकास हुनेछ, प्रेम र मित्रताको बन्धन कसिनेछ । | **मीन** : रोजगारको अवसर मिलनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |

# साहित्य दर्पण

निबन्ध ● भेषराज बुढाथोकी

## तिमीलाई 'पढ न' भन्न मसँग अर्को 'मुनामदन' छैन

*फिल्म हलमा 'हल बाँधिएर' फिल्म हेर्नुको मज्जा शब्दमा उतार्न सकिन्न । फिल्म हेरेर बाहिर निस्केपछि तिमीले सोधेकी थियौ, 'मिरूना मगरको ठाउँमा म भइदिएकी भए तपाई के गर्नुहुन्थ्यो ?' 'तिम्रो दयाहाङ राई बनिदिन्थें ।', मैले केही नसोची फ्याट्ट ठाडो उत्तर दिएको थिएँ । तिमीले मेरो अनुहारमा पुलुक्क हेर्‍यौ । मुस्कुरायौ । चुपचाप हामीले बागबजारको सडक छिचोलेका थियौं । फुलाएको बेलुन दिएपछि बच्चा जसरी रमाउँछ, तिमी त्यस्तै 'बच्चा' थियौ ।*

उपेन्द्र सुब्बाको 'जारी' फिल्म हामीले हलमा सँगै हेरेको पहिलो फिल्म हो । फिल्म हलमा 'हल बाँधिएर' फिल्म हेर्नुको मज्जा शब्दमा उतार्न सकिन्न । फिल्म हेरेर बाहिर निस्केपछि तिमीले सोधेकी थियौ, 'मिरूना मगरको ठाउँमा म भइदिएकी भए तपाईं के गर्नुहुन्थ्यो ?'

प्रेयसी... तिमीलाई 'पढ न' भन्न योबाहेक मसँग अर्को 'मुनामदन' छैन । योबाहेक तिमीलाई भन्न मिल्ने अर्को 'समर लभ' छैन । योबाहेक सुनाउन मिल्ने अर्को 'प्रेम गीत' छैन । यो समय म यति मात्रै भन्न सक्छु - खुशीको क्षेत्रफल 'दुई अँजुली' छ भने एक अँजुली तिम्रै कारण बढेको हो । अनि के ? उम् मुस्कानको घनत्व अग्लिएको हो भने म आफू नौनी भएर तिम्रो प्रेमको घामले मेरो मन पग्लिएको हो । मेरो आफ्नै मानसपटल पनि स्थिर थिएन त्योबेला । घरी के सोचिबस्थें, घरी के सोचिबस्थें । मेरो मन बहुत चञ्चल थियो । पुतलीको लार्भा जस्तो । यस्तो चञ्चल मनलाई 'गम्भीर मन' दिएर तिमीले 'हामी अब सँगै हिंड्ने ल !' भनेको निकैपछि तिम्रा लागि यो 'लेखोट' लेख्दै छु ।

जीवनको एक चौथाइ उमेर बाँचेर अघि अघि हिंड्दै गर्दा 'पछाडि केही छुट्यो कि ?' भनेर घरी घरी लुसुक्क फर्केर हेर्थें म । ओहो ! पछाडि छुटेको तिमी रहिछौ । त्यसपछिका हरेक यात्रामा 'फेरि पनि छुट्छ्यौ कि ?' भनेर मैले तिमीलाई अगाडि राखेर आफू पछि पछि हिँड्न थालेको पनि केही वर्षहरू भइगएछन्, हगि त ! सबैलाई हँसाइरहने, उटपट्याङ गरिरहने, बाहिर खुशी भए जस्तो देखिने मान्छेको फदयमा अनेकौं पीडाका बिरुवा हुर्किरहेका हुँदा रहेछन् । बाँझो फदयमा अत्यासलाग्दो पीडादायी 'सिस्नुका बोटहरू' उम्रिंदा रहेछन् । म सकभर मेरो कारण कोही अृठेरोको जालमा नपरोस् भन्ठान्छु । मेरा फुस्रा शब्दका थुङ्गाहरूले कसैको ओठमा 'मुस्कान' फुल्छ भने त्यो जस्तो 'मिठास' अरू हुँदैन मेरा लागि ।

पृष्ठभूमिमा हर्क साउदको 'के माया लाग्छ र ?' गीत बज्दै थियो । हामी कुनै बजारको चल्तीको 'कफी सप'को बार्दलीमा बसेका थियौं । अनि मैले तिमीलाई सोधे थिएँ, 'केतुकीको पातमा कसैको नाम लेख्यौ ?' 'केतुकीको पातमा कसैको नाम लेखेको अनुभव छैन । लेखेको केही समयमा आफैं मेटिजाने नामको के अर्थ ? अब त तपाईंको नाम मेरो हृदयको भित्ता भित्तामा लेख्ने हो । नमेटिने गरी ।' तिमीले यसो भन्दा मेरो ओठबाट हाँसो फुत्की हिंडेथ्यो । माझी दाइको हातबाट फुत्केको ठूलो माछा जस्तो । केतुकीको पातपातमा तिम्रो नाम लेखिहिँड्ने उमेरमा तिमी मसँग थिएनौ ।

अहिले तिमी छौ, केतुकीको पात हतपत भेटिन्न । अग्लो बाँसको पेटमा तिम्रो नाम कोरी हिँड्ने उमेर यो होइन । त्यो पनि एकादेशको कथा भइसक्यो । बगिजाने समयको एक साँझ, दौडदै आएर तिमीले मेरो कानमा सुटुक्क भन्यौ, 'सुख तपाईको आफ्नो हो । त्यसमा मेरो भाग छैन । तर दुख्ख अब साझा गर्ने ल ! तपाईको दुख्खको केही भारी म बोकिदिनेछु ।' तिमीले यसो भनेपछि बागमतीमा धेरै पानी बगिसक्यो । पृथ्वीले दुई तीन फन्को हानिसक्यो । तिमीलाई एकदिन मैले भनेको थिएँ, 'मेरो जीवनमा पहिलो Priority मेरा बाआमा हुन् । दोस्रो Priority मेरा भाइबहिनी र मेरो परिवार । के तिमी मेरो तेस्रो उचष( यचष्तथ मा बस्न तयार छौ ?' तिमीले भन्यौ, 'मज्जाले तयार छु । मलाइ तपाईंको अन्तिम हुनुमै आनन्द छ । तपाईं त मेरो कल्पनाको मान्छे । सपनाको मान्छे । बिपनाको मान्छे । आफ्नो फदयको मान्छे । आफूभित्र आफू अन्तिम हुनुमा पनि म बहुत खुशी नै हुनेछु ।' कुनै केटीमान्छेले मलाई निस्फिक्री यति सुनाएको त्यो 'मुलायम साँझ' मेरा लागि गुरुप्रसाद मैनालीको 'परालको आगो' जत्तिकै अद्वितीय छ । हाम्रो गफहरू बोकिहिँडेको 'गफ वाहक ट्रक' केही पाइला भर्चुअल बाटो हिँडिसक्दा मैले एकदिन तिमीलाई सुस्तरी भनेको थिएँ, 'म बहुत अनौठो मान्छे छु । विना कारण रिसाउँछु । मुडी छु । मलाई रिस उठ्न 'सानो छेस्को' कारण भइदिए 'ईनफ' भइजान्छ । आँखाबाट आँशु खसाल्न पनि उति ठूलो कारण चाहिँदैन । म त भीरको पहरामा फूलेको कुनै फूल हुँ । टाढाबाट हेर्दा बहुत चमकदार । बहुत सुन्दर । न टिपेर कानमा सिउरिन मिल्ने, न गोडमेल गर्न मिल्ने, न त मलजल नै । के तिमी यस्तो अृठेरो मान्छेको हात समातेर जिन्दगीको अफ्ठेरो काली-कर्णाली तर्न सक्छ्यौ ?' तब तिमीले भनेकी थियौ, 'म अभावको काप फोडेर उम्रेको छोरी हुँ । मलाई जोखिम र अफ्ठेरोसँग मित्रता गाँस्न मन पर्छ । तपाईका हरेक अृठेरामा म तपाईको टेको भएर उभिनेछु । म खुट्टा हैन, हात तान्न तपाईको जीवनमा आइपुगेकी हुँ । यो जुनी हैन, सयौं जुनीका अफ्ठेरा काली-कर्णाली तपाईंसँगै उभिएर तर्न मन छ ।' एकछिन हामी चुपचाप बस्यौं । चराहरूको मधुर सङ्गीतमा हावाले आफ्नो गीत गाएथ्यो । 'मलाई पुनर्जन्म, अर्को जुनीमा विश्वास लाग्दैन ।', मैले सुस्तरी भनें । 'अनि केको विश्वास लाग्छ हजुरलाई ?' 'तिम्रो ।' यो वार्तालाप भएको साँझ मेरा लागि त्यति नै महत्त्वपूर्ण छ जति बुद्धि सागरका लागि 'कटासे बजार' ।

तिमीले यस्तो अफ्ठेरो मान्छेको हात समातेर 'हामी सँगै हिँड्ने ल !' भनिसकेपछि हामी 'तीन हेमन्त' हिँडिसकेछौं । उपेन्द्र सुब्बाको 'जारी' फिल्म हामीले हलमा सँगै हेरेको पहिलो फिल्म हो । फिल्म हलमा 'हल बाँधिएर' फिल्म हेर्नुको मज्जा शब्दमा उतार्न सकिन्न । फिल्म हेरेर बाहिर निस्केपछि तिमीले सोधेकी थियौ, 'मिरूना मगरको ठाउँमा म भइदिएकी भए तपाई के गर्नुहुन्थ्यो ?' 'तिम्रो दयाहाङ राई बनिदिन्थें ।', मैले केही नसोची फ्याट्ट ठाडो उत्तर दिएको थिएँ । तिमीले मेरो अनुहारमा पुलुक्क हेर्‍यौ । मुस्कुरायौ । चुपचाप हामीले बागबजारको सडक छिचोलेका थियौं । फुलाएको बेलुन दिएपछि बच्चा जसरी रमाउँछ, तिमी त्यस्तै 'बच्चा' थियौ ।

प्यारी मान्छे, मलाई खुशी हुन पनि ठूलो कारण चाहिँदैन । कम्ता अफ्ठेरा हुँदैनन् ती मान्छेहरू - जसलाई न रुन कुनै ठूलो दुख्ख चाहिन्छ न खुशी हुन ठूलो उपलब्धि चाहिन्छ । न त रिसाउन ठूलो कारण चाहिन्छ । भनिहालें नि, मलाई खुशी हुन ठूलो उपलब्धि चाहिँदैन । घरको पाखामा भँगेरा चुच्चो जोडेर बस्दा खुशी हुने मान्छे हो म । झन् तिमी त 'म जस्तो अृठेरो मान्छेसँग कुम जोडेर सँगै हिँड्छु' भनेकी मान्छे । बर्सादपछि बिजुलीको तारमा लहरै अडिएका पानीका थोपाहरू खस्दा पनि मलाई आनन्द लाग्छ । त्यो दृश्य हेरिरहुँ लाग्छ । झन् तिमी त 'दुख्खमा अब सँगै आँशु खसाउने' भनेकी मान्छे । रफ्तारमा उड्दै उड्दै आएको बादलले पहाड समात्दा पनि खुशी लाग्छ । झन् तिमी त 'दुख्खसुखमा तपाईको हात समातेर हिँड्छु' भनेकी मान्छे । कुनै पिपलबोटको चौतारीमुनि कपाल सेतै फूलेका हजुरबा-हजुरआमा दाँत नभएका गिजा छोडेर हाँसेको दृश्य पनि मेरो आँखाको क्यामेराले खिच्छ । 'दिमागको ग्यालरी' मा सेभ हुन्छ । झन् तिमी त मैले 'मेरो दिलको क्यामेरामा, फोटो तिम्रो नाउँको' भनेको मान्छे । गजलकारहरूको 'महफिल' जस्तो, विद्यार्थीहरूको 'बाल दिवस' जस्तो, गाडी चालकहरूको 'विश्वकर्मा पूजा' जस्तो, हिरो-हिरोइनले 'डेब्यु गरेको फिल्म' जस्तो, मेरा लागि तिमी एक 'मीठो उत्सव' हौ । भोलि के हुन्छ वा भोलि के होला ? भन्ने प्रश्नको सुई बोकी हिँडिरहने मान्छेमा मलाई नगन्नु । म आजका लागि बाँच्ने मान्छे । आज खुशी भइदिनै मान्छे । यसरी विना कारण खुशी भइदिने मान्छेसँग विना कारण खुशी भइदिनु । 'हामी सँगै हिँड्ने ल !' भनेर तिमीले भनेको दिनको तिमीलाई अनेकौं अनेक शुभकामना ! केही समय यसै गरी पर्खिरहनू । 'विश्वास र कर्म' नामका पाङ्गाहरू मिलेर 'प्रेमको रथ' तानिरहे, बिहे असम्भव र ठूलो चिज हैन प्रिया ! भेटै नभाको थुप्रै भा'छ । डोली त खै म भन्न सक्दिनँ तर 'म फूल लिएर पक्का आउनेछु' । बहुत सम्झेछ तिमीलाई, तिम्रो मान्छेले ।**-साहित्यपोस्ट डटकम**

## कृष्ण सेन "इच्छुक" का दुई कविता

**१) इतिहासको यस घडीमा**

यस बेला केही निस्तेज शिरहरू झुकेर
सभक्ति अभिषेक चढाइरहेछन्
म तिम्रो ठाडो शिरलाई झन् ठाडो देख्न चाहिरहेछु
यस बेला केही दुर्बल मुद्रीहरू फुकेर
विनीत भावले जुम्लेहात जोडिरहेछन्
म तिम्रो बज्र मुद्रीलाई झन् सबल देख्न चाहिरहेछु
यस बेला केही थकित पाइलाहरू गलेर
माफ बिसौनीमै बास मागिरहेछन्
म तिम्रा जब्बर पाइलाहरूलाई झन् अग्रसर देख्न चाहिरहेछु
यस बेला केही कर्णकटु स्वरहरू काँपेर
प्रशस्ति वाचन गरिहेछन्
म तिम्रो प्रखर वाणीमा युगको हुङ्कार सुन्न चाहिरहेछु ।
व्यथित देशको चिन्ताले
आहत जनताको पीडा र सुस्केराले
हरदम अभिभूत तिमी
ए, मेरो युगको तरुण नायक !
यस बेला मैले कविता लेखूँ-नलेखूँ फरक पर्दैन
तर तिम्रो आँधी-बेहरीमय महायात्रा भनेर रोकिनुहुन्न
इतिहासको यस सङ्क्रमणशील घडीमा
भोको पेटका ऊर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्रपुरुष
तिमी भने झुक्किनुहुन्न
कहाँ फुलेको छ र डाँडाको फेँदीमा रातै लालीगुराँस
तिमी भने यो फँदीमै अलमलिनुहुन्न ।

**२) उत्तरतिर**

आकाशमाथि हान्निएर उडिरहे
प्रिय पन्छीहरू
कतै जङ्गलभित्र फर्जी मुठभेड भयो कि ?
उत्तरतिर अग्लो पहाडमाथि
धुवाँको बाक्लो मुस्लो उडिरह्यो
प्रिय पर्वतहरू
कतै तिम्रो काखमा
भयानक बमवर्षा भयो कि ?
उत्तरतिर
आँधीमय गतिमा
कालो बादल मडारिइरह्यो
प्रिय हावाहरू
कतै सिङ्गो गाउँ नै घेरामा पर्‍यो कि ?
यतिखेर फगत आँखाहरू
हेरिरहन्छन् उत्तरतिर
यतिखेर फगत कानहरू
फर्किरहन्छन् उत्तरतिर
प्रिय हिमालहरू
कतै तिम्रो हिमपाखामा
कुनै विदेशी बुटले कुल्चियो कि ?
उत्तरतिर छङछङ खस्ने छहराहरूमा
उत्तरतिर कलकल बग्ने खोलाहरूमा
नदीहरूमा/नालाहरूमा
प्रिय माडी र राप्तीहरू
कतै रगतको सुनकोसी बगेर
तिम्रो जलधारा नै रगताम्य भयो कि ?
हरपल दुखिरहेछ आशङ्काको शूल
हरघडी फुटिरहेछ संवेदनाको मूल
कहिले फुल्ला जीवनमा प्रशन्नताको फूल
प्रिय गुराँसहरू भन !
यसपल्ट त तिम्रो मधुर लालीले
सिङ्गो देश नै रातै होला कि ! *-रातोपाटी डटकम*


## रुरु बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
रुरुक्षेत्र-३, थानपति, गुल्मी

## सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१३

**सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना नं. SQ/01/RMCL/2081/082**

यस सहकारी संस्थाले सञ्चालन गरेको थोर्गेली गुड खुदो उद्योगका लागि आवश्यक सामग्री तथा जुस पकाउने खुल्ला प्यान सेटहरु खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थालाई यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रको विवरण**

| वस्तु र सामग्रीको नाम | जमानत रकम (रु) | सिलबन्दी दरभाउपत्र फारम दस्तुर | सिलबन्दी दरभाउपत्र मान्य हुने अवधि | सिलबन्दी दर भाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | सिलबन्दी दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| उखु रस छान्ने, खुल्ला प्यान सेट, अन्य आवश्यक स्पेयरहरु र उखु क्रसर, स्पेयर, फिल्टर, जुस ट्रान्फर पम्पका लागि काठ बक्स प्याकिङ | ७४,०००/- | १,०००/- | सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुने छ। | २०८१/०८/१९ गते कार्यालय समय भित्र | २०८१/०८/२० गते १२ बजे सम्म | २०८१/०८/२० गते २ बजे |

१. योग्य दरभाउपत्र दाताले मिति २०८१/०८/१३ गते सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात २०८१/०८/१९ गतेको दिन कार्यालय समय (४ बजे) भित्रमा रु.१,००० रुपैंया (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन रुरु बहुउद्देश्यीय सहकारी संस्थाको मुख्य कार्यालयमा पेश गरी सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।
२. सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन भएको मितिबाट ८ औं दिन अर्थात २०८१/०८/२० गते दिनको १२:०० बजे भित्र रुरु बहुउद्देश्यीय सहकारी संस्था लि. रुरुक्षेत्र गाउँपालिका ३ थानपति, गुल्मीमा पेश गर्नुपर्नेछ । उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।
३. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु २०८१/०८/२० गते दिनको २:०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा रुरु बहुउद्देश्यीय सहकारी संस्था लि.को मुख्य कार्यालयमा खोलिनेछ ।
४. दरभाउपत्र मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ ।
५. दरभाउपत्रको साथ माथिको तालिका उल्लेख भए अनुसारको जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र बोलपत्र जमानत मान्य अवधि दरभाउपत्र खोलेको मितिले कम्तिमा ७५ दिनको हुनुपर्नेछ । दरभाउपत्र दाताले जमानत बापत नगदै राख्न चाहेमा बोलपत्रको साथ कम्तिमा रु ७४,०००/-को नेपाल इन्भेष्टमेन्ट मेगा बैक लिमिटेड, रुरुक्षेत्र शाखामा रहेको Ruru Bahuuddesiya Sahakari Sanstha Limited. को खाता नं.२९००१०५०२५०३५१ मा रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
६. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।
७. यस संस्थाले कुनै पनि सिलबन्दी दरभाउपत्रदाताको बोलपत्र स्वीकार गर्न वा अस्वीकार गर्न, र बोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।
८. बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि रुरु बहुउद्देश्यीय सहकारी संस्था लि.(फोन नं. ९८५७०३९५२७, ९८५७०७५२९३) वा Gmail: rurujaggery2079@gmail.com मा सम्पर्क गर्न सकिनेछ ।



पञ्चेबाजा बजाउँदै दमकडा माध्यमिक विद्यालयका विद्यार्थीहरू । शुक्रबार विद्यालयले आयोजना गरेको खाना तथा सांस्कृतिक महोत्सवमा विद्यार्थीहरुले विभिन्न खानाका परिकारका बनाउनुको साथै सांस्कृतिक कार्यक्रममा रमाएका थिए ।
**तस्वीर : राजेश कुमार अर्याल/ एनजेडी**

# गम्भीर रोगका बिरामीले...

...निर्देशिकाको अनुसूची १ अन्तर्गत यस्ता रोगको उपचारका लागि देशभरिका सरकारी, सामुदायिक र निजी गरी विभिन्न ८० वटा अस्पतालमा व्यवस्था गरिएको छ । निर्देशिकाको अनुसूची ४ मा भएको व्यवस्थाअनुसार मिर्गौला रोगको उपचारका लागि २५ हजारदेखि चार लाखसम्म उपचार सहायता उपलब्ध गराउने व्यवस्था गरिएको छ । यस्तै मुटु रोगको उपचारमा विभिन्न किसिमको शल्यक्रिया गर्नुपर्ने अवस्थामा एक लाखसम्म उपचार सहयोग उपलब्ध गराउने व्यवस्था गरिएको छ । क्यान्सर रोगको उपचारमा शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी, रेडियोथेरापी, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्कहरुका लागि एक लाख, पार्किन्सन्स, अल्जाइमर, स्पाइनल इन्जुरी, हेड इन्जुरी तथा सिकलसेल एनिमिया रोगका लागि एक/एक लाख उपचार सहयोग उपलब्ध गराइने व्यवस्था गरिएको छ । बुटवल उपमहानगरपालिका-१५ सेमलारकी २४ वर्षीया पुष्पा थापालाई दुई वर्षअघि स्वास्थ्य समस्या देखियो । बुटवलकै एक निजी अस्पतालमा स्वास्थ्य परीक्षण गराउँदा चिकित्सकले मिर्गौलामा समस्या रहेको देखाएर मिर्गौला प्रत्यारोपण गर्न सुझाव दिए । घरको सामान्य आर्थिक अवस्था भएकी थापालाई चिकित्सकले काठमाडौंको महँगो अस्पतालमा मिर्गौला प्रत्यारोपण गर्न सिफारिस गरेका थिए । मिर्गौला दान गर्न आ्ना काका पर्ने तयार भए पनि प्रत्यारोपणका लागि लाग्ने १५ देखि २० लाख खर्च जुटाउन सक्ने अवस्था नभएपछि परिवार तथा आफन्तबाट आर्थिक संकलनको प्रयास भयो ।

आर्थिक संकलन अभियानकै क्रममा सहयोगदाताले काठमाडौंको भक्तपुरस्थित मृगौला प्रत्यारोपण केन्द्रबाट पाइने सुविधाका बारेमा जानकारी पाएपछि उनलाई ठूलो राहत भयो । स्वास्थ्य समस्या लिएर भक्तपुरस्थित मिर्गौला प्रत्यारोपण केन्द्रमा पुगेकी थापालाई त्यहाँका स्वास्थ्यकर्मीले मिर्गौला प्रत्यारोपणका लागि कडारोग लागेका नागरिकले पाउने सुविधाका बारेमा जानकारी दिएपछि त शरिरको रोगभन्दा आर्थिक रोगबाट निको भएको उनी बताउन्छन् । आ्ना काकाले दान गरेको मिर्गौला प्रत्यारोपणपछि हाल घरमै आराम गरिरहेकी थापा सरकारले दिएको रकमबाट पुनर्जीवन प्राप्त भएको बताउन्छिन् । यस्तै, लुम्बिनी प्रदेश सरकारले पनि यस खालका कडारोग लागेका विपन्न नागरिकका लागि औषधि उपचार सहयोगका लागि प्रदेश स्वास्थ्योपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ सालमा प्रदेशमा स्थायी बसोवास गर्ने नागरिकलाई लागेका नसर्ने रोगहरुमध्ये क्यान्सर, मिर्गौला प्रत्यारोपण वा मुटुको भल्भ फेर्नुपर्ने अवस्थामा रहेका बिरामीलाई स्वास्थ्य उपचार सेवामा हाल पाइरेको सुविधाका अतिरिक्त प्रदेश सरकारको तर्फबाट थप विशेष आर्थिक सुविधा प्रदान गर्ने कार्यलाई सरल, पहुँचयोग्य पारदर्शी तथा प्रभावकारी बनाउन बाञ्छनीय भएकाले प्रदेश सुशासन ऐन २०७६ को दफा ५३ अनुसार यो निर्देशिका बनाइएको हो । निर्देशिकाअनुसार परिच्छेद ३ को दफा ६ विशेष आर्थिक सुविधाको मापदण्डको (क) मा क्यान्सर रोगको उपचार (विभिन्न प्रकारका क्यान्सर रोग, त्यससम्बन्धी शल्यक्रिया, थप निदानात्मक सेवा, केमोथेरापी, रेडियोथेरापी, औषधि, औषधिजन्य सामग्री, शैया तथा सेवा शुल्क) र बिरामीको हेरचाह सुविधाका लागि समेत प्रतिबिरामी दुई लाख उपलब्ध गराउने व्यवस्था गरिएको छ । यस्तै सोही दफाको (ख) मा मिर्गौला प्रत्यारोपण गर्न वा गरेका बिरामीका लागि प्रति बिरामीका लागि दुई लाख र (ग) मा मुटुको भल्व फेरेका वा फेर्नका लागि प्रति बिरामी दुई लाख उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

निर्देशिका अनुसार प्रदेश सरकारले नसर्ने रोगहरुको उपचारको लागि गत आर्थिक वर्ष २०८०/८१ म मात्रै १३ करोड स्वास्थ्योपचार विशेष आर्थिक सुविधा उपलब्ध गराएको छ । प्रदेश स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ अनुसार गत आव २०८०/८१ म क्यान्सर रोगका एक हजार दुई सय २४ जना बिरामी, मुटुको भल्भ फेर्ने १६ जना र मिर्गौला प्रत्यारोपण गरेका ३८ जना बिरामीलाई उपचारको लागि उक्त उपलब्ध गराएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । 'निर्देशिकाले दुई लाखसम्म सहयोग पाउने व्यवस्था गरेको छ । उपचार गर्दाको बखत के कति खर्च हुन्छ, बिलको आधारमा भुक्तानी गर्ने गरिएको छ', स्वास्थ्य निर्देशनालयका तथ्याङ्क अधिकृत मानबहादुर वलीले भने,'नसर्ने रोगको उपचारको लागि सरकारले बनाएको निर्देशिकाअनुसार सहयोग गर्ने गरिएको छ ।' प्रदेश सरकारले बनाएको निर्देशिकामा यसअघि स्वास्थ्योपचार विशेष आर्थिक सुविधा प्राप्त गर्न प्रदेश स्वास्थ्य सेवा विभागबाट सिफारिस लिनुपर्ने व्यवस्था गरिएको थियो । प्रदेश सरकारले हालै मात्र सेवा प्रवाहलाई सरल र चुस्त बनाउने गरी प्रदेश मन्त्रिपरिषद् बैठकबाट स्वास्थ्य उपचार विशेष आर्थिक सुविधा निर्देशिका २०७८ (पहिलो संशोधन २०८१) लाई पारित गरी उक्त सिफारिस सम्बन्धित जिल्लास्थित स्वास्थ्य कार्यालयबाट पाउने व्यवस्था गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले एउटा सिफारिस बनाउनकै लागि स्वास्थ्य निर्देशनालय धाउनुपर्ने बाध्यताको अन्त्य गरिएको, यसबाट बिरामी र उनीहरुका परिवारका सदस्यहरुलाई सहज भएको बताृन्छन् । यसअघि प्रदेश स्वास्थ्य निर्देशनालयबाट उपचार सुविधाको सिफारिस हुँदै आएको थियो । अबदेखि सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयबाट सिफारिस गर्ने व्यवस्था मिलाइएको प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले बताए । उनले एउटा सिफारिस बनाउन टाढाटाढाबाट प्रदेश राजधानीमा रहेको निर्देशनालय आउनुपर्ने बाध्यताको अन्त्य गरिएको र यो निर्णयले सेवा लिन सहज हुने बताए । नसर्ने रोगबाट पीडित हुने बिरामीको संख्या वर्षेनी बढ्दै गएको छ । अस्वस्थ्य जीवनशैली र खानपानकै कारण गम्भीर प्रकृतिका नसर्ने रोगबाट मानिसहरु धेरै बिरामी पर्ने गरेको वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक नोदनारायण चौधरी बताउन्छन् । 'अस्वस्थ्य खानपिनका कारण गम्भीर खालका नसर्ने रोग क्यान्सरबाट पिडित हुने बिरामीको संख्या धेरै छ',उनले भने,'कुनै गाउँमा घरैपिच्छे क्यान्सरका रोगी भेटिन थालेका छन् । यो राम्रो संकेत होइन ।' क्यान्सर रोगबाट पीडित हुने मानिसको संख्या बढ्दै गर्दा उपचारमा समेत चाप थपिएको छ । हरेक स्थानीय तहले दैनिक दुई/तीन जना क्यान्सरको नि:शुल्क उपचारको लागि सिफारिस बनाउने गरेका छन् ।

बिरामीको संख्या बढ्दै गर्दा उपचारका लागि वार्षिक स्वीकृत बजेट समेत अपुग हुने अवस्था छ । चालु आवमा लुम्बिनी प्रदेश सरकारले यस्ता गम्भीर खालका बिरामीको उपचार सहयोगका लागि पाँच करोड रकम मात्रै विनियोजन गरेको छ । गत वर्षको विवरणअनुसार चालु आवमा छुट्याइएको बजेट कमी हुने देखिन्छ । उपचारका लागि सहयोग रकम वितरण गरेर मात्रै समस्या समाधान नहुने, त्यसका लागि बृहत् जनचेतना अभिवृद्धि अभियान थाल्न आवश्यक रहेको वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक चौधरीले बताए । 'हरेक घरमा क्यान्सरका बिरामी हुने अवस्था आयो । यसखाले समस्यालाई निदान गर्न बृहत् अभियानको आवश्यकता छ', उनले भने, 'सरकारले दिने रकमले पनि समस्या निदान हुँदैन । अब क्यान्सर निदानका लागि नेतृत्व तहबाटै पहल थालिनुपर्छ ।' लुम्बिनी प्रदेश सरकारबाट क्यान्सर रोगको उपचारका लागि मात्रै आव २०७८/७९ मा तीन सय १२ जनाले सहयोग प्राप्त गरेका थिए भने आव २०७९/८० मा एक हजार तीन सय २५ र आव २०८०/८१ मा एक हजार दुई सय २४ जनाले सहयोग प्राप्त गरेको तथ्याङ्क छ । सरकारले उपलब्ध गराउने स्वास्थ्य उपचार आर्थिक सहयोगका बारेमा जानकारी नहुँदा उपचार सहयोग नलिई उपचार गर्ने बिरामीको संख्या पनि यो भन्दा बढी नै रहेको छ । त्यस्ता विवरणहरु भने सङ्कलन भएको देखिदैन ।

## खेलकुद समाचार

### नेपाल श्रीलङ्कासँग ५५ रनले पराजित



**काठमाडौं,** मंसिर १४/एसीसी १९ वर्षमुनिको पुरुष एशिया कप क्रिकेटमा नेपाल पहिलो खेलमा श्रीलङ्कासँग ५५ रनले पराजित भएको छ ।

श्रीलङ्काले दिएको २ सय ३४ रनको लक्ष्य पछ्याएको नेपाल ४६ ओभर २ बलमा १ सय ७८ रनमा अलआउट भयो । नेपालका मयन यादवले सबैभन्दा धेरै ६२ रन बनाए । श्रीलङ्काका प्रभीन मनीषाले ३ विकेट लिए ।

यसअघि यूएईको शारहाजमा टस हारेर ब्याटिङको निम्तो पाएको श्रीलङ्काले ५० ओभरमा सबै विकेट गुमाएर २ सय ३३ रन बनायो । श्रीलङ्काका शारुजन शानमुगनाथनले ६२ रन बनाए । नेपालका सन्तोष यादवले ४ विकेट लिए । यूएईमा शुक्रबारदेखि शुरू भएको प्रतियोगितामा आठ वटा देश सहभागी छन् । १९ वर्षमुनिको एशिया कप क्रिकेटको समूह 'ए' मा भारत, पाकिस्तान, जापान र यूएई छन् ।

समूह 'बी' मा नेपाल, श्रीलङ्का, बङ्गलादेश र अफगानिस्तान छन् । नेपालले समूह चरणको दोस्रो खेलमा पर्सि आइतबार बङ्गलादेशसँग र तेस्रो तथा अन्तिम खेलमा मङ्सिर १८ गते अफगानिस्तानसँग खेल्ने छ । समूहका शीर्ष दुई टोली सेमिफाइनलमा पुग्नेछन् ।

## ECHS कार्ड हराएको सूचना

मिति २०८१ कार्तिक १ गतेका दिन रामपुर न.पा.-५,भम्बकदेखि बेझाड बजारतर्फ जाँदै गर्दा झमना कुमारी कार्कीको नाममा रहेको निम्न व्यहोराको ECHS कार्ड हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** झमना कुमारी कार्की
**ठेगाना :** रामपुर न.पा.-५,भम्बक, पाल्पा
**ECHS नं. :** JE-25586
**सम्पर्क नं. :** ९८५७०६२०७३


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### ग्लोबल आइएमई बैंकको सहयोग




**पाल्पा,** मंसिर १४/ग्लोबल आइएमई बैंकले विद्युतीय शवदाह गृह निर्माणका लागि २० लाख सहयोग गरेको छ । उसले बाँकेको कोहलपुर नगरपालिकामा विद्युतीय शवदाह गृह निर्माणका लागि उक्त रकम सहयोग गरेको हो ।

बैंकको लुम्बिनी प्रदेश प्रमुख शान्ता सिवाकोटीले कोहलपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख संगिता सुवेदीलाई सो सहयोग हस्तान्तरण गरिन् । कोहलपुर नगरपालिका र आसपासका नागरिकका लागि सरल, सहज तथा कम खर्चिलोमा विद्युतीय शवदाह गर्नका लागि कोहलपुर-११ स्थित डुडुवा खोला र रोहिणी खोलाको संगमस्थलमा विद्युतीय शवदाह गृह निर्माणको काम सुरु भइरहेको कार्यवाहक नगर प्रमुख सुवेदीले बताइन् । साथै, बैंकका लुम्बिनी प्रदेश प्रमुख सिवाकोटीले बैंकको सहयोगले वातावरणीय असर कम हुने विश्वास लिएको बताइन् । बैंकले आ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न परियोजना छनौट गरी काम गरिरहेको जनाएको छ । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरुबाट फरक-फरक विधामा सम्मानित भएको छ । यो बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकको ३ सय ५४ शाखा कार्यालय, ३ सय ७९ एटिएम, २ सय ७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढी सेवा केन्द्र रहेका छन् । ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई